# बारपाक सुलिकोट गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ३ सङ्ख्याः १ मितिः २०७६।१०।२६**

**भाग-१**

**बारपाक सुलिकोट गाउँपालिका**
**गोरखा**

# बारपाक सुलिकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन-२०७६

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **"बारपाक सुलिकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन-२०७५"** रहेको छ।

(२) यो ऐन बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) **"ऐन"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५ सम्झनु पर्छ।

(ख) **“कार्यपालिका”** भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्छ।

(ग) **“गाउँपालिका”** भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्छ।

(घ) **“सभा”** भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

(ङ) **“संविधान”** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बारपाक सुलिकोट गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानून बमोजिम गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही बारपाक सुलिकोट गाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।